# स्वर्गद्वारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भिंगृ, प्यूठान
लुम्बिनि प्रदेश, नेपाल
स्था:२०७३

**सूचना नं.**

**औषधी खरीद सम्वन्धि शिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१।०१।२७)**

यो सूचना यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र दस्तुर रु. १०००।- तिरी दरभाउपत्र निज वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्न फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, औषधीको प्रत्येक व्याच नं. को प्रमाण पत्र, आ.व. ०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि रु. १० को टिकट टाँस गरी यस स्वर्गद्वारी नगरकार्यपालिकाको कार्यालय, प्यूठानमा शिलवन्दी दरभाउ पेश गर्न सम्वन्धित पक्षको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१.सूचना प्रकासित मितिले १५ औं दिन कार्यालय समय सम्म दरभाउपत्र फाराम बिक्री वितरण हुनेछ । विक्री भइसकेको दरभाउपत्र खाममा शिलवन्दी गरी १६ औं दिनको १२:०० वजे सम्म कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । दर्ता भएका दरभाउ पत्रहरु फिर्ता लिन चाहेमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको १२:०० वजे भन्दा २४ घण्टा अघि शिलवन्दी निवेदन पेश गर्नु पर्नेछ । १६ औं दिनको १२:०० वजे सम्म कार्यालयमा दाखिला हुन आएका दरभाउपत्र कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रोहवरमा सोही दिनको २:०० वजे खोलिनेछ । दरभाउ पत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

२. शिलवन्दी दरभाउ पत्र साथ लागत अंकको ३ प्रतिशतले हुन आउने रकम मान्यता प्राप्त वैंकवाट यस कार्यालयको नाममा जारी भएको १२० दिन म्याद भएको वैंक ग्यारेन्टी पत्र वा यस कार्यालयको कृषि विकास वैंक लिमिटेड, भिंगृ, प्यूठानको हिसाव नं. ०९२४३००९८२६१८०४५ धरौटी खातामा जम्मा गरेको दोस्रो प्रति वैंक भौचर पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

४. एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।

५. दरभाउपत्र कवुल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा दस्तखत गरेको हुनु पर्नेछ ।

६.सामाग्रीहरु स्पेसिफिकेसनमा तोकीएको औषधी गुणस्तर वमोजिमको हुनुपर्नेछ ।

७. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.का लागि भएकोले कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

८. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ को १२ औं संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०. दरभाउपत्र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताको खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको लिखित रुपमा स्वयम् घोषणा पत्र पेश गर्नु पर्नेछ ।

११. दरभाउपत्रको लागत अनुमान भ्याट रकम सहित १९९५,५६७- रहेको छ ।

१२. दरभाउपत्र कार्यालय प्रमुख वा लेखा प्रमुखको प्रमाणित भएको मात्र खरिद गर्नु पर्नेछ ।

१३. सम्वन्धित संस्था सम्म औषधी ढुवानी स्वयम् फर्मले गर्नु पर्नेछ ।

१४. आपूर्ती गर्ने औषधिको म्याद उत्पादन मितिले दुईतिहाई अवधीको हुनु पर्नेछ ।

१५.आपुर्ति गरिने औषधीका सामाग्रीहरुको नमुना (sample) आवेदन साथ पेश गर्नुपर्ने छ ।

(भोज वहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

इमेल : swargadwarimunicipality01@gmail.com, वेब साइट : www.swargadwarimun.gov.np, फ्याक्स : ०८६४००११७, प्रमुख प्रशासकीय अधिकृत तथा लेखा : ०८६४००१०१, योजना तथा प्रशासन : ०८६४००११५, कृषि-पशु तथा स्वास्थ्य : ०८६४००११८, सूचना अधिकारी तथा सूचना प्रविधि अधिकृत तथा महिला तथा बालबालिका : ०८६४००११७

CamScanner